# धनपालथान गाउँपालिकाको छैठौ गाउँसभामा गाउँपालिका अध्यक्ष श्री हरी लाल सिंहबाट प्रस्तुत

## आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

धनपालथान गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सोरभाग, मोरङ्ग
प्रदेश नं. १

प्रमूख अतिथि प्रदेश सभा सदस्य माननीय श्री ज्ञानेश्वर राजवंशी ज्यू, अतिथि ज्यूहरु , धनपालथान गाउँपालिकाका उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, गाउँसभामा उपस्थित गाउँसभाका सदस्य ज्यूहरु, विभिन्न राजनितिक दल तथा क्षेत्रबाट प्रतिनिधित्व गर्दै गाउँसभामा उपस्थित हुनु भएका विशिष्ट महानुभावहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारी मित्रहरु, उपस्थित पत्रकार साथीहरुमा हार्दिक अभिवादन गर्दछु ।

प्रथमत, नेपालमा लोकतन्त्र प्राप्तिका खातिर आफ्नो जीवन उत्सर्ग गर्नुहुने ज्ञातअज्ञात वीर योद्धाहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै अंगभंग हुनुभएका, परिवारजन गुमाउनुभएकाहरु प्रति श्रद्धा सुमन प्रकट गर्दै नेपाली जनताको मुक्ति आन्दोलनमा अग्र नेतृत्व गर्ने सम्पूर्ण अग्रजहरुलाई आज यस ऐतिहासिक क्षणमा स्मरण गर्न चाहन्छु ।

यस गाउँपालिकाको आ.व. ०७७।०७८ को नीति कार्यक्रम तथा वजेट आजको यस गरिमामय छैटौं गाउँसभामा प्रस्तुत गर्ने जमर्को गरिरहँदा विगतका वर्षहरुमा यहाँहरुवाट भएको सकारात्मक र सृजनात्मक सहयोगको मुक्तकण्ठले प्रशंशा गर्न चाहन्छु । लामो पतिक्षापश्चात नेपाली जनताद्धारा निर्मित नेपालको संविधानवाट सुनिश्चित संघीय शासन प्रणाली कार्यान्वयनको चौथो वर्षमा प्रवेश गरेको छौ । नवीनतम अनुभवका कारण यसको प्रयोग र आत्मीकीकरणमा कतिपय नीतिगत, प्रक्रियागत जटिलताको वावजुद लोकतन्त्रको मूलमर्म वोध गर्दै यसको कार्यान्वयनलाई अधिकतम रुपमा जनमूखी वनाउने कुरामा हामी सवै अत्यन्त इमान्दारीताका साथ लागिरहेको हाम्रो इतिहास साक्षी छ ।

तीन वर्ष अगाडि सम्पन्न भएको स्थानीय तहको निर्वाचनपश्चात सार्वभौम धनपालवासी सवै जनता जनार्दनको सर्वव्यापी अपेक्षा र चाहनालाई हामीसँग उपलव्ध स्रोत साधनको जनताकै माग र निर्णयवमोजिम विवेकपूर्ण र न्यायोचित वितरणको नीति अवलम्वन गर्दै जाँदा यस तीन वर्षको अवधिमा यस गाउँपालिकाको सवै क्षेत्रमा

भएको परिवर्तनको संकेत हाम्रो सामू छर्लङ्गै छ । निरन्तर यसरी नै हामी अगाडी वढ्दै जाँदा लक्ष्य चुम्न सकिन्छ भन्ने कुरामा दृढ संकल्पित रहेको कुरा समेत निवेदन गर्दछु साथै हामीलाई सार्वभौम धनपालथानवासी नागरिकहरुको प्रतिनिधिको रुपमा प्राप्त जनादेश र नागरिकको आफ्नो सरकार आभास गराउने अभ्यासको आज हामी छैठौं चरणमा प्रवेश गरेको छौ ।

बिश्वब्यापी रुपमा फैलिरहेको कोरोनाको यस संक्रमणकालिन अवस्थामा हाम्रा पूर्व निर्धारित केही गतिविधिहरु प्रभावित भई लक्ष्य प्राप्ति नभएको तितो यथार्थकाबीच धनपालथान गाउँपालिकाको नीति तथा कार्यक्रम गाउँ कार्यपालिकाको निर्णय बमोजिम प्रस्तुत गर्न पाउँदा आफुलाई गौरवान्वित ठानेको छु ।

आज हामी निर्वाचनपछिको वर्षहरुमा नागरीकहरुको आकांक्षा र गाउँपालिकाको सम्वृद्धिका लागि निर्वाचित प्रतिनिधिहरुको प्रतिवद्धता कार्यान्वयनको तेश्रो वर्ष पार गरी चौथो वर्षमा प्रवेश गरेका छौं । संविधानले स्थानीय तहलाई प्रदान गरेका एकल अधिकार कार्यान्वयका लागि आवश्यक कार्यविधि निर्माण र नागरीकको विकासको चाहनालाई समानान्तर रुपमा अघि बढाउदै लानु परेको छ । यसैगरी सम्रग गाउँको समृद्धि तर्फ तिब्र गतिको यात्रा तय गर्नुपर्ने चुनौतीपूर्ण अवस्थामा छौं । संविधान प्रदत्त स्थानीय तहको व्यापक क्षेत्राधिकार भएको, बलियो स्थानीय सरकारको रुपमा रुपान्तरण गर्ने प्रक्रियामा आईपरेका चुनौतीहरुको सहज व्यवस्थापनको लागि आवश्यक कानूनी तथा प्रशासनिक प्रक्रियाहरु निर्माण र कार्यान्वयनमा सावधानीपूर्वक अघि बढाउदै जानु परेको छ । लामो समयको संघर्षपछि प्राप्त लोकतान्त्रिक संघीय गणतन्त्रात्मक व्यवस्थाको सफल र व्यवहारिक कार्यान्वयनको जटिल र चुनौतीपूर्ण मोडमा छौं । त्यस अर्थमा सानो असावधानीले पनि निकै ठूलो क्षति व्यहोर्नु पर्ने अवस्था आउन सक्ने विषयलाई हामीले गम्भीरतापूर्वक लिदै आफ्ना कदमहरु अघि बढाउनु परेको छ ।

## गाउँपालिकाको मौजुदा अवस्थाको आँकलन

**सदस्य ज्यूहरु**,

प्रदेश नं १ को राजधानी विराटनगर नजिकै रहेको साथै बृहतर विराटनगर क्षेत्रमा समेटिएकोले आर्थिक, सामाजिक, दृष्टिले विकासका प्रचुर संभावना रहेको भएतापनि भौतिक पूर्वाधार विकासको दृष्टिकोणले धनपालथान गाउँपालिका तुलनात्मक रुपमा पछाडि परेतापनि विस्तारै विकासका लहरहरु गाउँमा देखिन थालेका छन , नागरिकमा रहेको न्युन शिक्षा र चेतना, विकास कार्यमा यथेष्ट स्वामित्वको अभावका विचमा पनि आर्थिक सामाजिक विकासका गतिविधिहरुवाट परिवर्तनका संकेतहरु देखा पर्न थालेको छ । यहाँको भौतिक पूर्वाधार विकासका गतिविधिहरु तिव्र रुपमा अघि वढाइएका छन् । गाउँवासीहरु स्वच्छ खानेपानीको पहुँच सवैमा पुग्ने गरिका लक्ष्यहरु निर्धारण गरिएका छन । बाह्रै महिना चल्नसक्ने बाटो, पुल र कल्भर्टको अभावमा विरामीलाई अस्पताल/स्वास्थ्य केन्द्र सम्म पुर्‍याउन विगतको कठिनाइलाई समाधान गर्दै लगिएको छ । गाउँको सबै क्षेत्रमा विद्युत सेवामा पहुँच विस्तारको नीति अवलम्वन गरिएको छ । आर्थिक रुपले सक्रिय जनशक्ति रोजगारीको अभावमा निस्क्रिय अवस्थामा छ भने  धेरैजसो युवाहरु रोजगारको खोजीमा विदेशिरहेको यथार्थताका बिच युवाहरु आत्मनिर्भरता उन्मुख गतिविधिहरुमा संलग्न हुन थालेका छन् । परम्परागत निर्वाहमुखी कृषि प्रणलीमा सुधार गरी क्रमशः कृषिको व्यवसायीकरण, आधुनिकीकरणतर्फ आकर्षित हुन थालेका छन । कृषक र कृषि पेशाप्रति सम्मानको संस्कृतिको विकास हुन थालेको छ ।

अव्यवस्थित बसोवासको कारण आधारभूत सेवा प्रवाहमा कठिनाई उत्पन्न भइरहेको अवस्थामा एकीकृत नमूना वस्ती विकासतर्फ जोड दिइएको छ । । सार्वजनिक जग्गाहरु संरक्षणको लागि नीतिगत व्यवस्था गरी संरक्षणको नीति अवलम्वन गरिएको छ । वातावरण मैत्री अवधारणा विकास गर्दै लगिएको छ । गाउँवासीहरुमा विस्तारै गाउँप्रतिको अपनत्व विकास गर्ने खालका कार्यक्रम र गतिविधिमा जोड दिइएको छ । गाउँभित्रका गाउँवासीको रुपमा साझा भावनाको विकास हुन थालेको देखिन्छ ।

सम्मानित यस सभामा **"कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकाससहित धनपालथानको समुन्नति"** भन्ने मुल नारा सहित म समग्र धनपालथान गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

**१. अवलम्बन गरीएका प्रमुख नीतिहरु :**

- स्थानीय आवश्यकता तथा प्राथमिकताका आधारमा सन्तुलित विकासलाई मध्यनजर राखी आयोजना तथा कार्यक्रम छनौट गरिनेछ ।
- यस गाउँपालिकाको गौरवका आयोजनाहरु छनौट गरी प्रदेश सरकार र संघीय सरकारको सहकार्यमा संचालन गरिनेछ ।
- गरीबी निवारणमा टेवा पुर्‍याउने योजनाहरुलाई कार्यक्रममा समावेश गरिनेछ ।
- गाउँपालिकाको श्रोत, साधनले धान्न नसक्ने योजना तथा कार्यक्रम प्रदेश सरकार तथा संघीय सरकारसँग माग गर्ने नीति लिएको छ ।
- गाउँपालिकाको आवधिक योजनाले लिएको लक्ष्य हासिल गर्न सहयोग पुग्ने योजनालाई प्राथमिकता दिने नीति लिएको छ ।
- बजेट तर्जूमा गर्दा विषय क्षेत्रगत बजेट सीमा निर्धारण गरी सोहीबमोजिम योजना छनौट गर्ने नीति लिएको छ ।
- भौतिक पूर्वाधारतर्फको योजनागत कार्यक्रमहरु (तेश्रो चौमासिकमा संचालन गरीने कार्यक्रमहरु) चैत्र मसान्तसम्म सम्झौता गरीसक्नु पर्ने व्यवस्थालाई कडाइको रुपमा लागू गरिनेछ । साथै संचालित योजनाहरु जेष्ठ मसान्तसम्म सम्पन्न गर्न प्रोत्साहित गरी आषाढ महिनामा पूर्वाधार निर्माण तर्फका योजनाहरुको संचालन गर्न निरुत्साहित गरिनेछ ।

- यस गाउँपालिकामा रहेको मायागन्ज छोटी भन्सारलाई स्तरोन्नती गरी विकास तथा विस्तार गर्न प्रदेश तथा संघीय सरकारसँग आवश्यक पहल गरिनेछ ।
- धनपालथान गाउँपालिकाको विकास तथा निर्माणमा मुख्य पूर्वाधार विकासको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकाय र उपल्लो सरकारसँग आवश्यक व्यवस्था मिलाउन प्रयत्न गरिनेछ ।
- धनपालथान गाउँपालिकालाई आधुनिक नमूना शहर निर्माणको लागि शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय मोरङ, प्रदेश सरकार र संघीय सरकारसँग आवश्यक व्यवस्थापन तथा कार्य सञ्चालन गर्न अनुरोध गर्ने नीति लिइनेछ ।

## आर्थिक विकास नीति

### १. कृषि विकास :

१.१ स्थानीय सम्भाव्यता, तुलनात्मक लाभ तथा विशिष्ट अवसरको उपयोग गरी उपयुक्त कृषि प्रविधिहरूको विकास, प्रसार तथा उपयोगबाट कृषि उत्पादन एवं उत्पादकत्व बढाइनेछ । साथै कृषिको व्यवसायीकरण तथा विविधिकरणमा जोड दिई आयआर्जन तथा रोजगारका थप अवसरहरू सृजना गरिनेछन् ।

१.२ वैज्ञानिक भू-उपयोग प्रणालीको उपयोग गरी उर्वरा कृषि भूमिलाई गैर कृषि प्रयोगमा ल्याउन निरुत्साहित गरिनेछ । साथै संघीय सरकारले निर्माण गर्ने भू-उपयोग नीतिको अवलम्बन गरिनेछ ।

१.३ सिँचाई सुविधा, कृषि सडक, ग्रामीण विद्युतीकरण र उपयुक्त कृषि प्रविधिको विकास तथा विस्तार गरिनेछ । सिँचाई, सडक तथा विद्युतीकरण सुविधा भएका क्षेत्रमा उपलब्ध प्रविधिको सघन र व्यापक उपयोग गराइनेछ ।

१.४ प्रमुख उत्पादन सामग्रीहरू (अर्गानिक मल, रासायनिक मल एवं बीउ बिजन आदि) को लागत साझेदारीको आधारमा अनुदानको व्यवस्था गरिनेछ ।

१.५ स्थानीय तहमा कृषकहरूको क्षमता सुधारका लागि कृषक वर्गकै माग अनुसारका तालिम कार्यक्रममा विशेष जोड दिइनेछ ।

१.६ कृषि, बाली बीमा कार्यक्रमलाई प्रोत्साहित गरिनेछ । साथै प्राङ्गारिक खेती **(Organic farming)** लाई प्रोत्साहन गरिनेछ ।

१.७ प्रधानमन्त्री कृषि आधुनिकरण परियोजनालाई विस्तार गर्ने नीति लिईनेछ ।

१.८ प्रदेश सरकारको नीति बमोजिम प्रदेश सरकार र स्थानीय तहको सहकार्यमा संचालन गरीने एक स्थानीय तह एक उत्पादनलाई प्राथमिकता दिइनेछ ।

१.९ हरेक वर्ष उत्कृष्ट किसानलाई पुरस्कारको व्यवस्था गरिनेछ ।

१.१० सुख्खा जमिनमा सामुहिक सिचाईका उपकरण जडान गर्न अनुदानको व्यवस्था मिलाईनेछ ।

१.११ कृषि मेला तथा प्रदर्शनीलाई प्रोत्साहित गरिनेछ ।

१.१२ कृषि प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

१.१३ गाउँपालिकास्थित कृषक समूहहरु दर्ता गर्न प्रोत्साहित गरी समुह कार्यको अनुगमन गरिनेछ ।

१.१४ हाल संचालित स्थानीय हाटबजारलाई कृषि बजारको रुपमा स्थापित गर्ने प्रयास गरिनेछ । सोका लागि वडा नं. ३ दानावती हटियामा नेपाली सेना सूर्यदल गण थलाहा र गा.पा.को सहकार्यमा ८ वटा टहरा सहितको कृषि बजार निर्माणाधिन अवस्था रहेकोमा थप टहराका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

१.१५ कृषकहरुको उत्पादित वस्तुहरुको लागत र बिक्री मूल्य अनुपातको सन्तुलित व्यवस्थापनका लागि पहल गरीने नीति लिइनेछ । साथै कृषि उपजहरुको भण्डारणका लागि कोल्ड स्टोर निर्माणका लागि

सम्बन्धित निकायमा पहल गरिनेछ। साथै व्यक्तिगत वा सामुहिक रुपमा कोल्ड स्टोर स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ।

**२. पशु पंक्षी विकास**

२.१ व्यवसायिक पशुपालन व्यवसायमा जोड दिइनेछ।

२.२ युवालक्षित कार्यक्रम अन्तर्गत गाई, भैसी, बाखा, बंगुर, कुखुरा तथा माछापालन व्यवसायलाई प्रोत्साहन गरिनेछ।

२.३ नस्ल सुधारमा जोड दिदै उन्नत नस्लको विकासवाट कृषकमा आयआर्जन गरी आम्दानी बढाउन विभिन्न साझेदार संस्थाको सहभागितामा कार्यक्रम सन्चालन गर्न प्रोत्साहन गरिनेछ।

२.४ चिस्यान केन्द्रहरु स्थापना गरी दुध तथा दुग्धजन्य पदार्थको बजार सुनिश्चित गर्न गराउन साझेदारी कार्यक्रम गर्ने नीति लिइनेछ।

२.५ स्थानीय बजारमा मासु पसलका लागि बधशाला निर्माण गर्न प्रोत्साहन गरिनेछ ।

२.६ पशुपंछीपालन सम्बन्धी आवश्यक तालिमहरु संचालन गरिनेछ।

२.७ पशु आहारा विकासका लागि हिउँदे, वर्षे, बहुवर्षे घाँसका विउ तथा विरुवा वितरण गरीदै लगिनेछ।

२.८ पशुपन्छीमा लाग्ने विभिन्न रोग विरुद्द खोप सेवा संचालन गरिनेछ।

२.९ प्रत्येक वडामा वर्षमा १ पटक वडा कार्यालयसमेतको साझेदारीमा पशु स्वास्थ्य शिविर संचालन गरिनेछ।

२.१० पशु पंक्षी विकास शाखामा वेसिक ल्याव स्थापनाको कार्यलाई अगाडि वढाइनेछ।

**३.पर्यटन विकास**

३.१ यस गाउँपालिका भित्र निर्माण गर्न सकिने नयाँ पर्यटकीय क्षेत्रहरुको पहिचान, विकास र प्रवर्द्धन गर्न विस्तृत अध्ययन र पूर्वाधार विकासमा आवश्यक पहल गरिनेछ।

३.२ यस गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक पर्यटन प्रवर्दन गर्ने कार्यलाई अगाडी बढाइनुका साथै गाउँ क्षेत्रभित्रमा महत्व राख्ने संस्थागत मठ मन्दिर, मस्जिदहरुको संरक्षण लगायत भौतिक पूर्वाधार विकास गरी पर्यटकीय गतिविधि अघि बढाईने छ।

**४. उद्योग विकास :**

४.१ दर्ता नभई संचालनमा रहेका उद्योग व्यवसाय भए दर्ताको दायरामा ल्याइनेछ।

४.२ स्थानीय सीप, श्रोत र साधनको प्रयोग हुने घरेलु तथा साना उद्योगहरुको संचालन र विस्तारमा आवश्यक सहयोग र प्रोत्साहन गरिनेछ।

४.३ संघीय सरकारले अघि सारेको निजी क्षेत्रसँगको सहभागितामा उद्योगग्राम स्थापनाका लागि सहजीकरण गरिनेछ।

४.४ यस गाउँपालिका क्षेत्रमा संचालित घरेलु उद्योगहरुलाई आवश्यक सीप, क्षमता अभिवृद्धिका लागि प्रोत्साहित गरीने साथै सीप र प्रविधिमा अनुदानको व्यवस्था गरिनेछ।

**५. सहकारी विकास :**

५.१ सहकारीको दर्ता तथा अनुगमन गर्ने दायित्व गाउंपालिकाको क्षेत्राधिकारभित्र परि हस्तान्तरण समेत भै सकेकोले यस गाउँपालिकामा रहेका सवै सहकारीहरुको विवरण अद्यावधिक गर्ने र सहकारी ऐन तथा नियमावली निर्माण प्रकृयालाई अघि बढाइने साथै नियमन र अनुगमन कार्य लाई प्रभावकारी वनाउने नीति लिइने छ ।

५.२ एक सहकारी एक उत्पादन अभियानमा सहकारीहरुलाई उत्साहित गर्दै कृषि तथा अन्य कार्यक्रमहरुमा साझेदारीको रुपमा सहभागी गराउन प्रेरित गरिनेछ।

५.३ सहकारीलाई आवश्यक सीप क्षमता अभिवृद्धिका लागि तालिमको व्यवस्था गरिनेछ ।

५.४ बचत तथा श्रृण कारोवार नगर्ने कृषि सहकारी स्थापना गर्न प्रोत्साहनको लागि राजश्व निशुल्क गर्ने नीति लिइनेछ ।

**सामाजिक विकास नीति**

**१. शिक्षा**

१.१ सामुदायिक विद्यालयहरुमा अपांगता तथा बालमैत्री भौतिक पूर्वाधार निर्माण र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै अंग्रेजी माध्यमबाट पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहनको व्यवस्थालाई थप प्रभावकारी वनाउने नीति लिईनेछ ।

१.२ बालमैत्री स्थानीय शासनलाई प्रर्वद्धन गर्न बाल समूहहरुको गठन र परिचालनमा जोड दिनेइछ ।

१.३ कक्षाकोठा पठनपाठनलाई प्रविधि मैत्री बनाउन जोड दिदै पठनपाठनलाई प्रविधिसँग जोड्दै लगिनेछ ।

१.४ विद्यालयमा बाल क्लब, आमा समूहमार्फत साप्ताहिक खेलकुद र अतिरिक्त क्रियाकलापमा सहभागी गराउन विशेष महत्व दिदै पठनपाठन र अनुशासनलाई पुरस्कार र पृष्ठपोषणसँग जोडिनेछ ।

१.५ विद्यालयहरुमा दिगो खानेपानी सरसफाई तथा स्वच्छता प्रवर्द्धन गरी वातावरणीय स्वच्छता कायम गरिनेछ ।

१.६ कोभिड १९ का कारण लामो समयदेखि अवरुद्ध शैक्षिक कार्यक्रमलाई सुचारु गर्न आवश्यक वैकल्पिक तयारी गरिनुका साथै विद्यालय सन्चालन गर्दा अपनाउनु पर्ने सावधानीमा जोड दिइनेछ ।

१.७ सामुदायिक विद्यालय र वालविकासका केन्द्रका शिक्षक/शिक्षिकहरुलाई मन्टेश्वरी तालिमको व्यवस्था मिलाई सामाग्रीको प्रयोगवाट सिकाई गर्ने प्रवन्ध मिलाइनेछ ।

१.८ सामुदायिक विद्यालयहरुलाई नमुना विद्यालयको रुपमा विकास गर्दै लगिनेछ ।

१.९ सामुदायिक विद्यालयको सम्भाव्यताको आधारमा प्राविधिक धार संचालन गर्न प्रोत्साहन गर्ने विगतदेखिको नीतिलाई निरन्तरता दिइएको छ ।

१.१० ६ वर्ष उमेर पुगिसकेका बालबालिकाहरुलाई विद्यालयमा अनिवार्य भर्ना कार्यक्रमलाई निरन्तरता र विद्यालय छोड्ने दरमा कमी ल्याउनका लागि कक्षा १ देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिवाखाजाको प्रवन्ध मिलाईनेछ ।

१.११ शारदा सामूदायिक पुस्तकालयको स्तरोन्नति गरी सवै सरोकारवालाहरुको पहुँच पुग्ने गरी विकास गर्दै लैजाने नीति अवलम्वन गरिनेछ ।

१.१२ शुन्य दरवन्दी भएका विद्यालयहरुलाई शिक्षक अनुदान उपलव्ध गराई बालबालिकाको गुणस्तरीय शिक्षा लिन पाउने अधिकारको सुनिश्चितता गरिनेछ ।

१.१३ किशोरीहरुका लागि आत्मरक्षा कार्यक्म सञ्चालन गर्नका लागि आवश्यक पहल गरिनेछ ।

१.१४ सामुदायिक माध्यमिक विद्यालयहरुलाई सूचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालन गर्न प्रेरित गरिनुका साथै प्रविधियुक्त वनाउदै लगिनेछ ।

१.१५ कृषि प्राविधिक धारका विद्यालयलाई कृषि हवको रुपमा विकास गर्न आवश्यक तयारी गरी यस्ता विद्यालयलाई कृषि तालिम केन्द्रका रुपमा विकास गर्ने नीति अवलम्वन गरिनेछ ।

१.१६ गाउँपालिका क्षेत्रमा कम्तीमा एक सामुदायिक क्याम्पस संचालन गर्न विज्ञ समूह वनाई आवश्यक पूर्वाधार तयारी गर्दै यसै आ.व. भित्रमा सन्चालनमा ल्याउने नीति लिइनेछ ।

१.१७ ग्रामदेवता सिकाई केन्द्रलाई साक्षरता कार्यक्रमको माध्यमवाट सवलीकृत गर्दै सीप विकास कार्यक्रमलाई प्रोत्साहन गर्नुका साथै स्वरोजगार सिर्जनाका कार्यक्रम सन्चालन गरिनेछ ।

**२ स्वास्थ्य :**

- विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को प्रभाव न्युनिकरण तथा रोकथामका लागि आवश्यक बजेटको व्यवस्था गर्ने तथा अन्य निकायहरु सँग समन्वय र सहकार्य गरी आवश्यक कियाकलाप सञ्चालन गरिनेछ।
- गाउँपालिकाका विरामीहरुको स्वास्थ्य संस्थासम्म ओसारपसारका लागि एम्बुलेन्स व्यवस्थापन गर्न सम्बन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।

२.१ सबै वडाहरुमा खोप केन्द्रहरुको निर्माणमा पहल गरिनेछ।

२.२ आवश्यकता अनुसार विभिन्न संस्थाहरुको सहकार्यमा स्वास्थ्य शिविर संचालन गरिनेछ ।

२.३ विगत देखि संचालन भएको स्वयंसेविका कोषलाई एकीकृत गरी उक्त कोषलाई निरन्तरता दिइनेछ ।

२.४ संघीय सरकारको नीति अनुरुप गर्भवती तथा सुत्केरी प्रोत्साहन कार्यक्रमलाई प्रभावकारी रुपमा निरन्तरता दिदै संचालन गरिनेछ ।

२.५ स्वास्थ्य तथा सरसफाईसम्बन्धि सचेतना कार्यक्रमहरु विद्यालय तथा समुदायस्तरमा संचालन गरिनेछ ।

२.६ सामुदायिक स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी रुपमा लागु गर्ने नीति लिईनेछ । यस गाउँपालिकाको विपन्न घर परिवारहरुलाई साझेदारीको आधारमा स्वास्थ्य बीमा कार्यक्रममा अनुदानको व्यवस्था गर्ने नीति लिईनेछ ।

२.७ यस गाउँपालिकाको कर्सिया बजारमा रहेको स्वास्थ्य चौकीमा ल्याब संचालन भई सकेको जानकारी गराउदै सोही स्वास्थ्य केन्द्रलाई संघीय सरकारको एक स्थानीय तह एक अस्पतालको नीतिअनुरुप स्तरोन्नतिको साथै सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्न पहल गरिनेछ ।

२.९ यस गाउँपालिकाको स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा सामुदायिक आधारभुत स्वास्थ्य केन्द्र हाल वडा नं. ५ मा आधारभुत स्वास्थ्य केन्द्र स्थापना भइ संचालन भएकोमा स्वास्थ्य संस्थाहरुको पहुँच पुग्न नसकेका क्षेत्रहरुमा क्रमश गाउँघर क्लिनिक स्थापनाका लागि पहल गरिनेछ ।

२.१० यस गाउँपालिका क्षेत्रमा कार्यरत ४५ जना स्वयंसेविकाहरुलाई सेवामा प्रोत्साहन र सेवालाई प्रभावकारी बनाउन मासिक रु १००० यातायात खर्च उपलब्ध गराईनेछ ।

२.११ मानसिक स्वास्थ्य र लागुपदार्थ दुर्व्यसन न्यूनीकरणका लागि सचेतना कार्यक्रम संचालन गरिनेछ ।

२.१२ पूर्ण खोपको सुनिश्चितताताई दिगो बनाइनेछ ।

२.१३ विद्यालयहरुमा किशोरीमैत्री विद्यालय कार्यक्रम संचालन एवं विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

२.१४ नेपाल सरकारद्वारा सुचिकृत निःशुल्क अत्यावश्यक औषधिहरुको स्वास्थ्य संस्थाहरु तथा बर्थिङ्ग सेन्टरबाट निरन्तर आपूर्तिको व्यवस्था गरिनेछ ।

२.१५ बालबालिका तथा किशोरकिशोरीहरुका लागि पोषण लक्षित कार्यकम सञ्चालन गरिनेछ ।

**३. खानेपानी तथा सरसफाई**

३.१ **जीवनका लागि पानी** भन्ने मूल नाराका साथ खानेपानी आयोजना सञ्चालन तथा विस्तारमा आवश्यक पहल गरिनेछ ।

३.२ गाउँपालिकाका सबै गाउँवासीलाई खानेपानीको सुविधा पुर्‍याउन, हाल संचालनमा भएका

खानेपानीका श्रोतहरुको व्यवस्थापन, वितरण पाईप लाईनको मर्मत, सुधार र थप व्यवस्थापनमा सहयोग गरिनेछ भने नयाँ खानेपानी आयोजना निर्माणका संघीय सरकार र प्रदेश सरकारसँग वजेट व्यवस्थापनका लागि पहल गरिनेछ ।

३.३ मिति २०७५।०८।०५ गते यस गाउँपालिकालाई खुल्ला दिसामुक्त घोषणा गर्न सफल भएकोमा उक्त घोषणालाई दिगोपना कायम गर्न आवश्यक सरसफाई कार्ययोजना निर्माण गरी अघि बढ्ने नीति लिईनेछ ।

३.४ फोहोरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धिका लागि सरसफाई अभियान संचालन गरिनेछ । साथै बजार क्षेत्रको फोहोर व्यवस्थापनका लागि गाउँपालिका, निजी क्षेत्र र स्थानीयबासीको सहकार्यमा नीति निर्माण गरी कार्यक्रम संचालन गरिनेछ ।

३.६ बजारमा संकलित फोहोरको उचित व्यवस्थापन गर्न ल्याण्डफिल्ड साइडको लागि आवश्यक जग्गाको व्यवस्था गरी फोहोरको उचित व्यवस्थापन गर्ने कार्यलाई प्राथकितामा राखि ब्यावस्थापन गरिनेछ ।

३.७ खानेपानी तथा सरसफाईका आवश्यक कार्यक्रमको लागि साझेदार संस्थासँग सहकार्य गर्ने नीति लिईनेछ ।

**४. संस्कृति**

४.१ लोपोन्मुख भाषा, धर्म, संस्कृतिको संरक्षणमा सहयोग गरिनेछ । साथै जातीय मठ, मन्दिर, गुम्बा, मस्जिद, दिनाभद्री, धनपाल महाराजथानको प्रवर्द्धन र पूर्वाधार निर्माण तथा मर्मत समभारमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।

**५. महिला विकास, लैंगिक समानता र समावेशिकरण**

५.१ जेष्ठ नागरीक एकल महिलाको सम्मान, सुरक्षा तथा उनीहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै गाउँपालिकाले अन्य संस्थाको सहकार्यमा जेष्ठ नागरीक,एकल महिला सम्मान गर्ने तथा ज्येष्ठ नागरीक केन्द्र स्थापना गर्ने नीति लिईनेछ ।

५.२ वाल विकासका सूचकहरु बाल बचाऊ, बाल संरक्षण, बाल विकास तथा बाल सहभागिता आदि कार्यक्रमहरुमा वालवालिका लक्षित विभिन्न शैक्षिक, सामुदायिक तथा गैर सरकारी संघ संस्थाको सहकार्य र समन्वयमा समेत जोड दिइनेछ ।

५.३ महिलाहरुको हक अधिकार र नेतृत्व विकासका लागि तालिम, सीपमुलक प्रशिक्षण, अध्ययन, अन्तरक्रिया, गोष्ठी लगायतका कार्यक्रम संचालन गरिनेछ । यस्ता कार्यक्रम गर्न महिलासँग सम्बन्धित संघ संस्थाहरुको सहकार्य र साझेदारीमा संचालन गर्न जोड दिइनेछ ।

५.४ आदिवासी, जनजाती, दलित, मुस्लिम समुदाय पछाडि परेका वर्ग समुदायका हक अधिकार र त्यस्ता वर्ग र समुदायको समावेशीकरणका लागि विभिन्न कार्यक्रम संचालनमा ल्याईनेछ ।

५.५ वडा सभा मार्फत आएका लक्षित समूह (महिला, वालवालिका, आदिवासी, जनजाति, जेष्ठ नागरीक, दलित) का कार्यक्रमहरु वडास्तरिय साथै गाउँपालिकास्तरिय कार्यक्रमहरु प्राथमिकताका आधारमा संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

५.६ अपाङ्गता भएका नागरीकको संरक्षण र विकासको लागि अन्य संघ संस्थासँग समन्वय गरी विभिन्न कार्यक्रम संचालन गरिनेछ।

५.७ सामाजिक सुरक्षा भत्तालाई बैंकिंग प्रणाली मार्फत स्थानीय स्तरमा वितरण हुने व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।

**६. खेलकुद तथा मनोरञ्जन**

६.१ आधारभुत (कक्षा १-५) , आधारभुत (कक्षा १-८) र मा.वि. तहका विद्यार्थीहरुमा उमेर समुहगत खेलकुद कार्यक्रम संचालन गरी प्रतिभा छनौट गर्ने र छनौट भएका प्रतियोगि खेलाडीहरुलाई आवश्यक प्रशिक्षणको व्यवस्था मिलाउने नीति लिईनेछ ।

६.२ यस गाउँपालिका क्षेत्रबाट राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलमा सहभागी भएका खेलाडीहरुको अभिलेख राखी पुरस्कार र प्रोत्साहनको व्यवस्था गरिनेछ ।

६.३ खेलकुदको क्षेत्रमा प्रशिक्षकको व्यवस्था मिलाई खेलकुदको माध्यमबाट अनुशासन कायम गर्दै स्वस्थ नागरीक उत्पादन गर्न वार्षिक प्रशिक्षण कार्यक्रम संचालन तथा स्थानीय खेलकुद क्लवहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

६.४ युवा वर्गलाई लक्षित गरी विभिन्न खेलकुद प्रतियोगिताहरु संचालन गर्न प्रोत्साहन गरिनेछ ।

६.५ प्रत्येक वडाहरुमा खेलकुद मैदानको व्यवस्थापन गर्दै गाउँपालिकास्तरीय एक व्यवस्थित खेल मैदान बनाउने नीतिलाई निरन्तरता दिइनेछ ।

## पूर्वाधार विकास क्षेत्र

**१. सडक तथा पुल**

१.१ धनपालथान गाउँपालिकाको विकासको मेरुदण्डको रुपमा रहेको हुलाकी सडक निर्माण र सो सडकमा रहेका पुल, कल्भर्ट लगायतका पूर्वाधार कार्यलाई सम्पन्न गर्न सम्बन्धित निकायहरुमा पहल गरिनेछ ।

१.२ विगतमा स्तरोन्नति भईसकेका र लामो दुरीका सडकहरुलाई कालोपत्रेको लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

१.३ गाउँपालिकाको क्षमतामा निर्माण हुन सक्ने सडकहरुमा जनसहभागिता समेत जुटाई प्राथमिकताका आधारमा कालोपत्रे सडक निर्माणमा जोड दिइनेछ ।

१.४ कच्ची सडकहरु प्राथमिकताका आधारमा क्रमश: ग्राभेल विछ्याउने काम गरिनेछ ।

१.५ विगतमा वनेका ग्राभेल सडकको प्राथमिकताका आधारमा क्रमश: स्तरउन्नति गरिनेछ ।

१.६ उपरोक्त कामका लागि निम्न बमोजिम बाटोको चौडाई निर्धारण गरीएको छ ।

| | |
|---|---|
| कालो पत्रेको लागि न्युनतम चौडाई | ४० फुट |
| स्तरउन्नतिको लागि न्युनतम चौडाई | ३० फुट |
| ग्राभेलको लागि न्युनतम चौडाई | २० फुट |

(विद्यमान परिस्थितिलाई ध्यानमा राखी उक्त नीतिलाई गाउँपालिकाले आवश्यकता अनुसार परिमार्जन गर्न सक्नेछ । )

१.७ उपभोक्ता समितिबाट निर्माण हुने पूर्वाधार निर्माणमा विगतदेखिको लागत वा श्रम सहभागितालाई निरन्तरता दिइनेछ ।

१.८ निर्माणाधिन ठुला पुल, कल्भर्ट सम्पन्न गर्न सम्बन्धित निकायमा ध्यानाकर्षण गरिनेछ।

१.९ साना तीना कल्भर्ट निर्माणको लागि गाउँपालिका बाट बजेटको व्यवस्था गरी प्राथमिकताका आधारमा क्रमश: निर्माण गरिनेछ।

१.१० ह्युमपाईपको अभावमा बाटाहरुमा आवागमनमा समस्या रहेकोले ह्यामपाईप खरिद गरी क्रमश: आवश्यकता पुरा गर्दै लगिनेछ ।

१.११ आयोजना तथा कार्यक्रमलाई प्रभावकारी एवं गुणस्तर कायम राख्न अनुगमन तथा मूल्यांकनलाई व्यवस्थित गरिनेछ । साथै अन्तिम भुक्तानी तथा फरफारकका लागि अनुगमन समितिको सिफारिस तथा वडा कार्यालयको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेपछि मात्र अन्तिम भुक्तानी दिइनेछ ।

१.१२ तीन लाख भन्दा माथिका लागत भएका आयोजनाहरुको संचालन गर्दा आयोजना स्थलमा आयोजना सम्बन्धी विवरण (होडिंग बोर्ड) अनिवार्य राख्नुपर्ने नीतिलाई कडाईका साथ लागु गरिनेछ ।

**२. भवन तथा शहरी विकास**

२.१ गाउँपालिका क्षेत्रमा नयाँ घरहरु निर्माण गर्दा बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्ड २०७२ बमोजिम नक्सा पास स्वीकृत गरेर मात्र निर्माण गर्ने नीति लिईनेछ ।

२.२ यस गाउँपालिका क्षेत्र भित्र निर्माण भईसकेका घरहरुको घरनक्सा पास अर्न्तगत अभिलेखिकरण कार्यलाई निश्चित समयसीमा तोकी विशेष छुट सहितको व्यवस्था गरी अभिलेखिकरण गर्ने कार्य अघि बढाइनेछ ।

२.३ गाउँपालिकाको नक्सांकन र व्यवस्थापनवाट सबै क्षेत्रमा एकरुपता ल्याउन घर नम्बर, वस्तीको नामाकरण, जनसंख्या कार्ड, शौचालयको अवस्था, सडकको नामाकरण, लगायतका कार्यलाई अगाडी बढाईनेछ साथै जनसंख्याको व्यवस्थित रुपमा लगत राखिनेछ ।

२.४ अव्यवस्थित रुपमा सार्वजनिक स्थल, सडक तथा खोलाका किनाराहरुमा जोखिम रुपमा बसोबास गरीरहेका अव्यवस्थित बसोबासलाई जग्गा व्यवस्थापन गरी एकीकृत वस्ती योजना निर्माणमा पहल गरिनेछ ।

२.५ गाउँपालिका तथा वडा कार्यालयहरुको भवन निर्माणका लागि जग्गा व्यवस्थापन गरी प्रदेश तथा संघीय सरकारसँग बजेट व्यवस्थाका लागि पहल गरिनेछ । साथै अन्य सामाजिक संघसंस्थाहरुको भवन निर्माणमा आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।

२.६ नेपाल रेडक्रस सोसाईटि उपशाखाको निर्माणाधिन भवनको निर्माण सम्पन्नका लागि अन्य निकायहरुसँग सहयोगका लागि आवश्यक पहल गरिनेछ।

**३. उर्जा तथा विद्युत :**

३.१ विगतमा विस्तार भएका विद्युतको क्षमता बृद्धि तथा मर्मतका लागि सम्बन्धित कार्यालयमा पहल गरीने छ । विद्युत आपूर्ति पुग्न नसकेको क्षेत्रहरुमा नवीकरणीय ऊर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा सौर्य उर्जा वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

३.२ विद्युत विस्तार हुन बाँकी ठाउँमा विद्युतीकरणका लागि विद्युत प्राधिकरणसँग पहल गरिनेछ । उक्त ठाउँहरुमा विद्युत कार्यालयसँग समेत साझेदारी कार्यक्रम संचालन गरिनेछ।

३.३ मूख्य सडकहरुमा सडक बत्ति जडानका लागि वैकल्पिक उर्जा प्रवर्धन केन्द्रसँगको सहकार्यमा संचालन गरिनेछ।

**४. सञ्चार**

४.१ स्थानीय पत्रपत्रिका तथा संचार माध्यमलाई विज्ञापन तथा सूचनाहरु प्राथमिकताक्रम अनुसार उपलव्ध गराइनेछ ।

४.२ गाउँपालिकाका हरेक क्रियाकलापहरु कार्यालयको Website, Mobile Appsको माध्यम बाट सर्वसाधारणलाई सूचना प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन**

१.१ पर्यावरणीय महत्व बोकेको यस गाउँपालिकाका महत्वपुर्ण नदि किनारमा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ भने नदि नियन्त्रण तथा तटबन्ध निर्माणका लागि प्रदेश तथा संघीय सरकारसँग बजेट

विनियोजन गर्न आवश्यक पहल गरिनेछ ।

१.२ विपद्बाट हुने धनजनको क्षति कम गर्न र विपद्लाई न्यूनीकरण गर्न रेडक्रस सोसाइटी, सुरक्षा निकाय लगायत अन्य सरोकारवाला निकायहरुको सहकार्यमा विपद् जोखिम न्यूनिकरण कार्यक्रम संचालन गरिनेछ ।

१.३ ग्रामिण क्षेत्र भएकाले गाउँवासीहरुको स्वास्थ्यमा ध्यान पुर्याउदै वायो ग्यास, वैकल्पिक उर्जाको प्रर्वद्धनमा जोड दिइने छ ।

**सूशासन तथा संस्थागत विकास**

१.१ जनतालाई सेवा प्रवाह गर्दा जनप्रतिनिधि तथा कर्मचारी सवैले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई अनिवार्य गरिनेछ ।

१.२ आन्तरिक प्रशासन चुस्त र दुरुस्त कायम गर्न सके मात्र गाउँवासीलाई छिटो, छरितो, सरल र प्रभावकारी ढंगले सेवा सुविधा उपलव्ध गराउन सकिन्छ भन्ने विश्वासका साथ गाउँपालिकामा व्यवस्थित र प्रणालीगत प्रशासनिक संरचनाको निर्माण सहित कर्मचारीहरुको व्यवस्था गरी प्रभावकारी कार्य विभाजनलाई सुनिश्चितता गरिनेछ ।यस गाउँपालिकाको प्राविधिक शाखामा लोकसेवा आयोगबाट पदपूर्ति नभएसम्मको लागि आवश्यक प्रक्रिया पुर्‍याई सव इन्जिनियरको पदपूर्ति गरिनेछ । साथै पदपूर्तिको माध्यमबाट करार र ज्यालादारीमा कर्मचारी व्यवस्थापन गरिनेछ । साथै योग्यता, क्षमता र उत्कृष्टताको आधारमा पदस्थापन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

१.३ अनुभवी, क्षमतावान र स्वयं उत्प्रेरित कर्मचारी विना गाउँवासीले चाहेजस्तो प्रभावकारी र अनुभूतिजन्य सेवा प्रवाह गर्न समस्या पर्ने भएकाले प्रशासनिक संयन्त्रलाई आधुनिक प्रविधियुक्त वनाइदै समयानुकुल तालिम र प्रशिक्षणमा जोड दिइनेछ । साथै अनुशासित भई काम गर्ने कर्मचारीलाई प्रोत्साहन गर्ने तथा अनुशासनहिन काम र गल्ति गर्ने कर्मचारीलाई सचेत गराउदै निरुत्साहित, दण्डित गरीने नीति अवलम्बन गरिनेछ ।

१.४ वडा कार्यालयहरुको आवश्यक संस्थागत विकासमा जोड दिइनेछ ।

१.५ गाउँपालिकावाट सम्पादित आर्थिक, प्रशासनिक र योजनागत विकास निर्माण र लक्षित कार्यक्रमहरुलाई पारदर्शी, जिम्मेवार र उत्तरदायी वनाइनेछ ।

१.६ विकेन्द्रीकरण र स्वायत्तताको मर्म र सिद्दान्त अनुरुप स्थानीयवासीले सम्भव भएसम्म सेवा सुविधा घरदैलो र टोल टोलमा प्राप्त गर्न सक्ने व्यवस्थाका लागि वडास्तरवाट सम्पादन हुने कार्यलाई सफ्टवेयरको माध्यमबाट सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

१.७ वडा कार्यालय संचालनका लागि निश्चित सिलिङ्ग सहितको बजेट व्यवस्था गरिनेछ ।

१.८ यस गाउँपालिकाको कार्यालय, वडा कार्यालयहरु, सामुदायिक विद्यालयहरु, स्वास्थ्य संस्थाहरु तथा मातहतका कार्यालयहरुमा विद्युतीय हाजिरीलाई प्रभावकारी वनाउने नीति लिईनेछ ।

१.९ गाउँपालिका भित्रको सवै विवरण दुरुस्त राख्न गाउँ प्रोफायल तयार गरिनेछ ।

१.१० प्रत्येक चौमासिकमा जनप्रतिनिधि र कर्मचारी विचमा आपसी अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।

१.११ प्रशासनिक खर्चमा मितव्ययिता अपनाईनेछ ।

१.१२ प्रभावकारी वित्तिय व्यवस्थापनका लागि शुत्रमा आधारित लेखाप्रणाली व्यवस्थित गरिनेछ ।

**रोजगार सम्बन्धी नीति:**

१. आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरहरुलाई रोजगारी उपलब्ध गराउन श्रममुलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनाहरु छनौटलाई प्राथमिकता दिइने छ |

२. विदेशबाट फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा□ व्यवसाय, उद्योग, कृषि लगायतका रोजगारदाताहरुसंग समन्वय गरि रोजगारी प्रदान गर्न सहजीकरण गर्ने व्यवस्था मिलाइने छ |

३. देशमा विद्यमान बेरोजगारी दर कम गर्नका लागि यस स्थानीय तहका बेरोजगार व्यक्तिहरुलाई रोजगारी प्रदान गर्नका लागि बेरोजगार स्वघोषणा आवेदन आह्वान गरी रोजगार सेवा केन्द्रमा सूचिकृत गरिनेछ।

४. स्थानीय तहको रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगारहरुलाई यूवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनाहरु तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरु सञ्चालन गरी न्यूनतम रोजगारीको प्रत्याभूति गराइनेछ।

५. □□□□□-१९ बाट सृजित सङ्कटबाट प्रभावित परिवारहरुको लागि कामका लागि पारिश्रमिक (□□□□ □□□ □□□□)मा आधारित आयोजनाहरु संचालन गरि राहत कार्यक्रमलाई अगाडी बढाइने छ|

६. □□□□□-19 को कारणबाट बैदेशिक रोजगारीमा जान नपाएका तथा विदेशबाट फर्किन बाध्य भएका व्यक्तिहरुलाई सूचिकृत गरी विशेष प्राथमिकता साथ रोजगारी प्रदान गरिनेछ।

७. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन गर्न आवश्यक सीपमूलक तालिमको पहिचान गरी बेरोजगार ब्यक्तिलाई तालिम दिइनेछ।

८. संघ तथा प्रदेशले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्रहरु विस्तार गरिनेछ।

९. आन्तरिक रोजगारी सिर्जना गर्न सरोकारवाला निकाय□ सहकारी तथा गैर सहकारी क्षेत्रसँग समन्वय र सहकार्यमा जोड दिइनेछ।

१०. श्रम सम्बन्धि क्रियाकलापलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तिय क्षेत्रबाट रोजगारी सिर्जनामा जोड दिइनेछ।

११. रोजगार सेवा केन्द्रलाई थप सुदृढिकरण गरी श्रम बैंकको रुपमा स्थापित गरिदै लगिनेछ।

१२. गाउँपालिकास्तरिय नियमित विकास निर्माणका योजनाहरुमा आवश्यक श्रमिकहरुको लागि रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिइनेछ।

## राजस्व नीति

१. आन्तरिक आय तथा राजश्वलाई दीगो एवं भरपर्दो बनाउन करको दायरालाई फराकिलो बनाइने नीति लिईनेछ ।

२. गाउँपालिकाले राजश्वको दायरा र क्षेत्र निर्धारण गर्दा विद्यमान ऐन नियममा भएको ब्यवस्थालाई अवलम्बन गरिनेछ ।

३. करको दायरालाई फराकिलो बनाई दरलाई समयसापेक्ष समायोजन गर्दै लगिनेछ । साथै करको चुहावटलाई नियन्त्रण गरिनेछ ।

४. दिगो श्रोत ब्यवस्थापन गर्न नयाँ श्रोतको पहिचानका लागि सम्भाब्यता अध्ययन गरीनेछ ।

५. करमैत्री वातावरण श्रृजना गर्न सरोकारवाला, अन्तरसरकारी, स्थानीय गैरसरकारी संघसंस्थासँगको समन्वय र सहकार्यबाट क्षमतायोग्य कर राजश्व निर्धारण गरी करदाताको संख्या बढाइनेछ ।

६. दोहोरो कर प्रणाली हटाई एकद्धार प्रणालीबाट कर, राजश्व संकलन गर्ने नीति अवलम्बन गरिनेछ ।

८. विगतका वर्ष देखि एकीकृत सम्पत्ति कर लागू गर्ने उल्लेख भएपनि संघीय सरकारको बजेटबाट भएको व्यवधान तथा गाउँपालिकाको आन्तरिक तयारी न्यून भएको कारण विगतदेखि नै प्रचलनमा रहेको

मालपोत (भुमि कर) तथा धुरीकर नै असुल उपर गरिनेछ ।

९. कानूनबमोजिम बाहेक कर, राजश्व संकलन गरीने छैन ।

**सदस्यहरु ज्यू,**

धनपालथान गाउँपालिकाको छैठौं ऐतिहासिक गाउँसभा सम्पन्न गर्ने क्रममा योजना तर्जुमाका विभिन्न चरणमा सहयोग पुऱ्याउनु हुने विभिन्न विषयगत शाखाका सम्वद्ध कर्मचारी लगायतका सम्पूर्ण कर्मचारीहरु, राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, नागरीक समाजका प्रतिनिधिहरु, विभिन्न संघ संस्थाका प्रतिनिधिहरु,विकास निर्माण उपभोक्ता समितिमा रही कार्य गर्नुहुने सम्पूर्ण महानुभावहरु, निर्माण व्यवसायीहरु, पत्रकार मित्रहरु लगायत सम्पूर्ण शुभेच्छुक महानुभावहरु तथा सम्पूर्ण गाउँवासी दाजुभाई दिदी वहिनीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यो नीति तथा कार्यक्रम कार्यान्वयनमा सहयोग पुऱ्याउन नेपाल सरकार, १ नं. प्रदेश सरकार, विकास साझेदारहरु, दातृ समुदाय, गा.पा. कर्मचारीहरु, मतदाताहरु, सम्पूर्ण बुद्धिजीविहरु, प्रत्यक्ष परोक्षरुपमा सहयोग पुर्‍याउनुहुने महानुभावहरुमा आगामी दिनहरुमा पनि यहाँहरुको सहभागिता, सहयोगको अपेक्षा समेत गर्दछु ।

अन्त्यमा, यस धनपालथान गाउँपालिकाको स्थानीय तहको गाउँसभामा पेश गरीएको नीति तथा कार्यक्रमले धनपालथान गाउँपालिकाको विकासमा उल्लेखनीय योगदान गरी विकासतर्फ लम्कनेछ भन्ने शुभेच्छा, आशा एवं विश्वास प्रकट गर्दै यस गरीमामय सभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सु-अवसर दिनुभएकोमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

**धन्यवाद ! धनपालथान महाराजले सवैको कल्याण गरुन्**

**श्री हरि लाल सिंह**

**अध्यक्ष**

**धनपालथान गाउँपालिका**